## प्रेस विज्ञप्ति

नेपाल सरकार, माननीय अर्थमन्त्रीस्तरको मिति २०८३/०४/१४ को निर्णयानुसार गठित वार्ता टोली र लघुवित्त तथा वित्तीय शोषण विरुद्धको संघर्ष समितिबीच लघुवित्तसँग सम्बन्धित मागका विषयमा सम्वाद एवं छलफल गरी आज मिति २०८३ साल साउन १५ गते अर्थ मन्त्रालयको सुवर्णहलमा बैठक बसी सकारात्मक र सौहार्दपूर्ण वातावरणमा वार्ता भई देहाय बमोजिमको सम्झौता सम्पन्न भएको छ।

**सम्झौताका बुँदाहरुः-**

१. लघुवित्त पीडितहरूको समस्या समाधानका लागि उपयुक्त विकल्पसहितको प्रतिवेदन पेश गर्न गठित कार्यदलको मिति २०८१/०४/२२ को प्रतिवेदन कार्यान्वयन कार्ययोजना सहित कार्यान्वयनका लागि १५ (पन्ध्र) दिनभित्र अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने।

२. समस्यामा परेका लघुवित्त ऋणीहरुको पुनरोत्थानका लागि पुनस्थापना कार्यक्रम संचालन एवं कालोसूची र धितो लिलाम सम्वन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन लगायतका विषयहरुमा उपर्युक्त कार्यान्वयनयोग्य विकल्प सहित प्रतिवेदनमा सिफारिस गर्ने।

३. घ' वर्गका इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकबाट जारी गरिएको संचालन मार्गदर्शन, २०८१ को पूर्ण कार्यान्वयन गर्ने र सो को नेपाल राष्ट्र बैंकले कडाइका साथ अनुगमन गर्ने।

४. लघुवित्त तथा वित्तीय शोषण विरुद्धको संघर्ष समितिको तर्फबाट देशभर जारी रहेका सम्पूर्ण आन्दोलन तथा अनसनका कार्यक्रमहरू आजैका मितिदेखि पूर्ण रूपमा अन्त्य गर्ने।

५. लघुवित्त वित्तिय संस्थाले ऋण असुलीका लागि यातना दिने, घरवाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड गर्ने लगायतका कार्यहरुका सम्वन्धमा पिडितले तत्काल जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने र कानून विपरितका कार्यहरु उपर प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडि वढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गर्ने।

मितिः २०८३ साल साउन १५ गते, शुक्रवार
अर्थ मन्त्रालय, काठमाडौं।